


# ANTI DOPING IN SPORT


नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

**फोन नं.:** ०१-४२००५५०, **इमेल:** info@moys.gov.np

**वेभसाइट:** www.moys.gov.np

## खेलकुदमा प्रतिबन्धित औषधि प्रयोग एवं बिधि बिरुद्ध सचेतना कार्यक्रम

### १. पृष्ठभूमि

खेलकुद मानव जीवनलाई स्वस्थ, अनुशासित एवं सक्रिय बनाउने भरपर्दो माध्यम हो । खेलाडीले तोकिएको नीति, नियम र मापदण्डको अधिनमा रही आफ्नो अन्तर्निहित प्रतिभा प्रदर्शन गर्दछन् । खेल क्षेत्रलाई सबै प्रकारका अस्वस्थ प्रभावबाट मुक्त राख्नका लागि World Anti Doping Agency (WADA) ले खेल विशेषका खेलाडीहरुलाई तोकिएका औषधि प्रयोग गर्न र अन्य उपायहरु अवलम्बन गर्न निषेध गरेको छ । नेपालले खेलकुदमा प्रतिवन्धित औषधि बिरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलाई सन् २०१० मा संसदबाट अनुमोदन गरी WADA को सदस्यता प्राप्त गरेको हो । खेलकुदमा प्रतिबन्धित औषधि प्रयोग एवं निषेधित उपायहरु अवलम्वन विरुद्धको महासन्धिको कार्यान्वयनमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय प्रतिबद्ध रहेको छ ।

### २ नेपालमा खेलकुद सम्बन्धी सामान्य जानकारी

नेपालको संविधानले बालबालिकालाई खेलकुद तथा मनोरञ्जनको हकको सुनिश्चितता गरेको छ भने स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने नीति सरकारले लिएको छ । विद्यमान संवैधानिक हकको कार्यान्वयन गर्दै खेलकुद क्षेत्रलाई व्यवस्थित रुपमा अगाडि बढाउन संघीय तहमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा सहितको संरचना नेपाल सरकारले स्वीकृत गरेको छ । खेलकुदलाई घर, परिवार, समुदाय, विद्यालय, स्थानीय तह, प्रदेश, राष्ट्रिय हुदै अन्तर्राष्ट्रिय तहसम्म जोडने परिकल्पना सहितको योजना तथा कार्यक्रम विस्तार हुदै गएको छ ।

नेपालमा खेलकुद विकासको लागि भएको संस्थागत प्रयासको रुपमा स्वास्थ्य तथा खेलकुद परिषद् २०१५ लाई लिइन्छ । राष्ट्रिय खेलकुद परिषद् ऐन २०२१ बमोजिम स्थापना भएको राष्ट्रिय खेलकुद परिषद् आजका दिनसम्म आइपुग्दा १००० (एक हजार) जना कर्मचारी सहित सबै जिल्लामा विस्तार भएको छ । खेलमार्फत् देशको पहिचान अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सकिन्छ भन्ने मान्यतामा नेपालले सन् १९५१ देखि एसियाली खेलकुद, सन् १९६४ देखि ओलम्पिक खेलकुद र सन् १९८४ देखि दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागिता जनाएको अवस्था छ भने मुलुकभित्र निरन्तर रुपमा खेलकुदलाई अगाडि बढाउने अभिप्रायले वि.स. २०३८ सालदेखि प्रत्येक दुई दुई वर्षमा राष्ट्रिय खेलकुदको प्रतियोगिता सञ्चालन गर्ने कार्यक्रम रहेको भएता पनि हालसम्म जम्मा ८ वटा कार्यक्रम सम्पन्न भएका छन् । नेपालले अन्तर्राष्ट्रिय तहमा सम्पन्न भएका अफिसियल खेल तर्फ दक्षिण एसियाली खेलकुदमा ४७० वटा पदक, एसियाली खेलकुदमा २ वटा रजत पदक (सन् १९९८ बैंककमा सम्पन्न तेक्वान्दो प्रतियोगितामा सविता राजभण्डारी, सन्

२०१७ इण्डोनेशिया प्याराग्लाइडीङ) सहित २४ वटा पदक प्राप्त गरेको अवस्था छ भने विभिन्न च्याम्पियनसिप प्रतियोगिताहरुमा सयौं उपाधि प्राप्त गरेको अवस्था छ ।

बालबालिकाको सर्वतोमुखी विकासमा खेलकुदको महत्वलाई आत्मसात गरी देशका सबै विद्यालयहरुमा खेलकुदको पाठ्यांश पठनपाठन भइरहेको छ भने उच्च शिक्षातर्फ त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षा शास्त्र संकायमा शारीरिक शिक्षा विभाग र मानविकी संकायतर्फ खेल विज्ञान विषयका शैक्षिक कार्यक्रम सञ्चालन भएका छन । सबै स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबाट सञ्चालन हुने खेलकुदका कार्यक्रमहरुमा वार्षिक रुपमा करिब पाँच लाख खेलाडीहरु भाग लिदै आएको अवस्था छ । सरकारी तहबाट खेलकुदका प्रमुख कार्यक्रमहरुमा राष्ट्रपति रनिङ्ग शील्ड, उपराष्ट्रपति चिल्ड्रेन प्रतियोगिता, राष्ट्रिय खेलकुद प्रतियोगिता, विभिन्न खेल विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा सहभागिता हुदै आएका छन भने निजी एवं समुदाय स्तरबाट संघसँस्था, क्लब लगायत विभिन्न निकायहरुले प्रायोजन गरेका प्रतियोगिताहरु सञ्चालन भइरहेका छन् ।

## ३ खेलकुदमा प्रतिबन्धित औषधि सेवन

### ३.१ सामान्य जानकारी

डोपिङ्ग भनेको खेलाडीले WADA को निषेधित सूचीमा समावेश गरिएका प्रतिबन्धित औषधिहरु, पदार्थहरु वा निषेधित विधिहरुको प्रयोग गर्ने हो । डोपिङ्ग कानुनी रुपमा दण्डनीय, सामाजिक रुपमा अनैतिक, व्यक्तिगत रुपमा अस्वस्थ एवं हानिकारक हुन्छ । एन्टि डोपिङ्ग भनेको सबै रुपहरुका खेलमा डोपिङ्ग विरुद्धको लडाइ हो ।

स्वस्थ, प्रतिस्पर्धी र अनुशासित खेल नेपालको प्रतिबद्धता हो । खेल, खेलाडी र दर्शकप्रतिको सम्मान एवं गरिमालाई अभिवृद्धि गरी समग्र खेल क्षेत्रलाई थप व्यवस्थित बनाउन विभिन्न देशका सरकार प्रतिनिधि र खेलकुदका अन्तर्राष्ट्रिय पदाधिकारीहरुको प्रयासबाट सन् १९९९ नोभेम्बरमा खेलकुदमा प्रतिवन्धित औषधि बिरुद्धको अभियान सञ्चालनका लागि World Anti doping Agency (WADA) स्थापना भएको हो । सन् २००४ जनवरीदेखि WADA ले विश्वव्यापी रुपमा खेलकुदमा प्रतिबन्धित औषधिको सूची प्रकाशन गर्ने, प्रयोगशालाको प्रमाणीकरण गर्ने र सचेतनामूलक कार्यक्रम सम्बन्धी गतिविधिहरु सञ्चालन गर्ने लगायतका काम गर्दै आएको छ ।

नेपालमा खेलकुदमा प्रतिबन्धित औषधि प्रयोग परीक्षण आठौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता र पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट शुरु गरिएको हो ।

खेलकुदमा सहभागी हुने खेलाडीले खेल खेल्नुभन्दा अगाडि, खेल खेल्दै गरेको समयमा अर्थात् खेल पश्चात् अन्तर्राष्ट्रिय स्तरमा WADA ले प्रतिवन्ध लगाएका औषधि एवं विधिको प्रयोग गर्नु हुदैन । तोकिए बमोजिमका औषधि बाहेक प्रतिबन्धित औषधि एवं विधि प्रयोग गरे नगरेको विषयमा तोकिएका अधिकारीहरुबाट कुनै पनि समयमा परीक्षण गर्न सक्ने नियम WADA ले बनाएको छ ।

## ३.२ प्रतिबन्धित सूची

खेलाडीका लागि प्रतिबन्धित औषधिको सूची WADA ले प्रत्येक वर्ष सार्वजनिक गर्दछ । सन् २०१९ का लागि WADA ले सूचीकृत गरी प्रकाशन गरेका औषधी तथा विधिहरु देहाय अनुसार रहेका छन् ।

| | |
|---|---|
| PROHIBITED SUBSTANCES<br>(In and out-of-competition)<br>S0: Non-Approved Substances<br>S1: Anabolic Agents<br>S2:Peptide Hormones, Growth Factors and related substances and Mimetics<br>S3:Beta-2 Agonists<br>S4:Hormone and Metabolic Modulators<br>S5:Diuretics and Masking Agents<br><br>PROHIBITED SUBSTANCES<br>(In competition):<br>S6a: Non-Specified Stimulus<br>S6b: Specified Stimulants<br>S7: Narcotics<br>S8: Cannabinoids<br>S9: Glucocorticosteroids | PROHIBITED SUBSTANCES IN PARTICAL SPORTS<br>(consult your sports for its particular Prohibited List)<br>P1:Beta-Blockers<br><br>PROHIBITED METHODS:<br>(In and out -of-competition)<br>M1: Manipulation of Blood and Blood components<br>M2: Chemical and Physical Manipulation<br>M3:Gene-and Cell Doping<br><br>SPECIFIED SUBSTANCES:<br>Specified substances are those where their presence could have a credible non-doping explanation If the athlete has taken the substance without intent to enhance his or her sporting performance. All prohibited substances shall be considered as specified substances except those in classes S0, S1, S4, S5 and S6a and the Prohibited Methods M1, M2 and M3. |

## ३.३ उपचारका लागि औषधि सेवन गर्ने सम्बन्धी व्यवस्था

खेलाडीका लागि निषेध गरेका वा प्रतिबन्ध लगाएका केही औषधि एवं बिधिहरु उपचारका लागि प्रयोग हुँदै आएको अवस्थामा उक्त औषधि सेवन एवं बिधिका लागि अनुमति लिनुपर्दछ । अनुमति लिनका लागि खेल शुरुहुनु भन्दा एक महिना अगाडि सम्बन्धित डाक्टरले Therapeutic Use Exemption (TUE) फाराम भर्नु पर्दछ । तोकिएको निकायले निश्चित मिति तोकेर अनुमति दिने वा नदिने गरी निर्णय गर्न सक्दछ । निर्णयमा चित्त नबुझेको अवस्थामा WADA मा पुनरावलोकनका लागि अपिल गर्न सकिने प्रावधान रहेको छ । WADA ले पनि अस्वीकृत गरेको अवस्थामा खेलाडीले अन्तर्राष्ट्रिय Court Of Arbitration for Sports (CAS) मा पुनरावलोकन गर्ने अधिकार हुन्छ ।

### ३.४ परीक्षण गर्ने सम्बन्धी व्यवस्था

कुनै पनि खेलको आयोजना गर्दा नियमानुसार दर्ता भएका खेलाडीहरुका लागि खेलकुदमा प्रतिबन्धित औषधिको प्रयोग भएको छैन भन्ने सुनिश्चतताका लागि परीक्षण गर्नु पर्दछ र परीक्षणका लागि Sample साइज WADA को समन्वयमा आयोजक कमिटीले तोके बमोजिम हुन्छ । WADA ले तोके बमोजिमको विधि पद्वति र प्रक्रिया बमोजिम खेलको अघिपछि वा प्रतियोगिता चल्दाचल्दै पनि नमूना संकलन गरी परीक्षण गर्न सकिन्छ । सामान्यतया खेलाडीहरुलाई प्रतियोगिता लगत्तै गरिने परीक्षणका लागि सूचित गरिन्छ र नमुना संकलन गरिन्छ । तर प्राथमिकतामा परेको खेलका लागि भने खेल अघिपछि पनि परीक्षण गर्ने प्रचलन छ । यसका लागि खेलाडीलाइ कुनै सूचना नदिएर पनि नमुना सङ्कलन एवं परीक्षण गर्न सकिन्छ । यसका लागि खेलाडीसँग सम्बन्धित घर, ठेगाना, कार्यतालिका, प्रशिक्षण स्थल, सम्पर्क नम्बर लगायतका सबै सूचनाहरु सङ्कलन गरेर व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ३.५ प्रक्रिया

क तोकिएको निकायबाट योजना बनाउने,

ख खेलाडीहरुलाई सूचना प्रवाह गर्ने,

ग नमूना संकलनका लागि छनौट भएका खेलाडीहरुको नमूना सङ्कलन गर्ने,

घ खेलाडीलाई सहजीकरण गर्न प्रतिनिधिको रुपमा डाक्टर, कोच, खेल व्यवस्थापक रहन सक्ने,

ङ सङ्कलित नमूना परीक्षणका लागि प्रयोगशालामा पठाउने,

च प्रयोगशालामा खेलाडीको बारेमा कुनै जानकारी नदिने,

छ प्रयोगशालाबाट WADA मा निषेधित सूचीमा रहेका तत्वहरुको जाँच गर्ने,

ज प्रयोगशालाले परीक्षणको रिपोर्ट WADA र Anti Doping Organization (ADO) मा पठाउने,

झ नमूनाको नतिजा Save the mission मार्फत सम्बन्धित देशको अफिसियललाई जानकारी गराउने,

ञ A नमूनाको नतिजा चित्त नबुझेमा वा कुनै खेलाडी विश्वस्त हुन नसकेमा वा नतिजा असमान्य आएमा पुनः B नमुना विष्लेषणका लागि पठाउने,

ट नतिजा व्यवस्थापनको प्रक्रियामा लैजाने ।

### ३.६ Doping का बेफाइदा

- WADA वा सो सँग सम्बन्धित कानुनले निर्धारण गरे अनुसार दण्डित हुने, (सस्पेन्स गर्ने, आर्थिक कारवाही, पदक खोस्न सकिने र सम्बन्धित देशको कानुन बमोजिम कारवाही गरिने)
- खेलाडीको स्वास्थ्यमा प्रतिकूल असर पर्ने,
- सामाजिक एवं मनोसामाजिक वातावरणमा नकारात्मक प्रभाव पर्ने,
- खेलाडीमा दिगो रुपमा खेल खेल्न सक्ने क्षमतामा ह्रास आउने,

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा सम्बन्धित अफिसियल, खेलाडी, खेल संघ र देशको प्रतिष्ठा तथा सम्मानमा समेत आघात पर्ने ।

## ३.७ Doping **बाट बच्न र बचाउन के गर्नु पर्ला ?**

- सन्तुलित र प्रमाणित खाद्यवस्तुहरुको उपभोग गर्ने,
- सहयात्री खेलाडीहरुबीच Anti-Doping सम्बन्धी सिकाइ र सूचना आदानप्रदान (Peer group sharing and learning) गर्ने
- आकस्मिक उपचार गर्नु परेमा WADA को List सहित उपचार गराउने वा Anti doping सम्बन्धी जानकार चिकित्सकसँग परामर्श लिई उपचार गर्ने र गराउने,
- प्रशिक्षणको समयमा प्रशिक्षकले खेलाडीहरुलाई जित र हारलाई सहज रुपमा स्वीकार गर्ने, नतिजालाई सकारात्मक रुपमा लिने सोचको विकास गर्न सचेतनामूलक कार्यक्रम गर्ने ।

## ३.८ सजाय सम्बन्धी व्यवस्था

खेलमा सहभागी भएका खेलाडीको परीक्षण गर्दा प्रतिबन्धित औषधिको प्रयोग भएको प्रमाणित भएमा Anti Doping Organization का निर्णयले खेलाडीलाई अन्तिम निर्णय नभएसम्मका लागि निलम्बन गर्न, निश्चित अवधिका लागि खेल्नमा प्रतिबन्ध लगाउने वा आजीवन खेल्न नपाउने गरी प्रतिबन्ध लगाउने, खेलाडीले पाएको पुरस्कार-पदक खोस्ने, आर्थिक जरिवाना गर्ने र सम्बन्धित देशको कानुन अनुसार थप सजाय गर्ने लगायतको सजायको व्यवस्था रहेको छ । Doping मा संलग्न देखिएका डाक्टर, अफिसियल, खेलाडीसँग सम्बन्धित खेल संघ वा निकायलाई समेत अधिकार प्राप्त अधिकारीले सजाय तोक्न सक्ने व्यवस्था रहेको छ ।

## ४ अन्य जानकारी

कानुनको अज्ञानता क्षम्य हुदैन भन्ने कानुनी सिद्धान्त बमोजिम नै WADA ले प्रत्येक वर्षका लागि प्रतिबन्ध लगाएका औषधि प्रयोग एवं विधि अवलम्बन नगर्ने दायित्व खेलाडी स्वयं, खेलसँग सम्बन्धित संघ सँस्था, सम्बन्धित सरोकारवाला निकाय वा खेल सम्बद्ध पदाधिकारीको रहन्छ । खेल क्षेत्रमा संलग्न हुने सबै सरोकारवाला पक्षलाई प्रतिबन्धित औषधिको सेवन एवं विधि अवलम्बन नगर्न नगराउन तथा यसको व्यापक प्रचार प्रसारमा जुटन युवा तथा खेलकुद मन्त्रालय, सम्बद्ध सबै खेलाडी, प्रशिक्षक, अफिसियल, व्यवस्थापक एवं सरोकारवाला निकायहरु प्रति अनुरोध गर्दछ । प्रतिबन्धित औषधि सम्बन्धी थप जानकारी आवश्यक परेमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटिमा सम्पर्क गर्नुका साथै WADA को website मार्फत् थप जानकारी लिन सकिनेछ ।